सुनवल नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ४ | संख्या : १ | मितिः २०७७/३/१५

भाग–१

सुनवल नगरपालिका

## सुनवल नगरपालिकाको विनियोजन विधेयक, २०७७

सुनवल नगरपालिकाको आर्थिक बर्ष २०७७/७८ को सेवा र कार्यहरुको लागि स्थानीय तह सञ्चित कोषबाट केही रकमखर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७७

**प्रस्तावनाः**

सुनवल नगरपालिकाको आर्थिक बर्ष २०७७/७८ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकमखर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२९को उप-धारा (२) ले दिएको अधिकार प्रयोग गरी सुनवल नगरपालिकाको पाँचौं नगर सभाको बैठकलेस्थानीय संचित कोषबाट रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्ने सम्बन्धी यो ऐन बनाई लागू गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम “सुनवल नगरपालिकाको विनियोजन ऐन, २०७७” रहेको छ ।

(२) यो ऐन तुरुन्तप्रारम्भ हुनेछ ।

**२. परिभाषा :**

क) “नगर सभा” भन्नाले सुनवल नगरपालिकाको नगर सभालाई सम्झनु पर्दछ ।

ख) “कार्यपालिका” भन्नाले सुनवल नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

ग) “वडा समिति” भन्नाले सुनवल नगरपालिकाको वडा समितिलाई सम्झनु पर्दछ ।

घ) “बिषयगत शाखा” भन्नाले सुनवल नगरपालिका अन्तर्गतको

महाशाखा, शाखा, आयोजना, सचिवालय, ईकाइ, कार्यालय तथा अन्य प्रशासनिक ईकाइ समेतलाई सम्झनु पर्दछ ।

ङ.) “संञ्चित कोष” भन्नाले सुनवल नगरपालिकाको सञ्चित कोषलाई सम्झनु पर्दछ ।

**३. आर्थिक वर्ष २०७७/७८को निमित्त सञ्चितकोषबाट रकमखर्च गर्ने अधिकार:**

(१) आर्थिकवर्ष २०७७/७८ को निमित्त सुनवल नगरपालिका नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च गरी जम्मा ७६,३३,३७,५०९।०० (अक्षेरुपी छयहत्तर करोड तेत्तिस लाख सैंतिस हजार पाँच सय नौ रुपैयामात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ । साथै उक्त रकम वाहेक केन्द्र सरकार, प्रदेश सरकार र आन्तरिक श्रोतबाट थप प्राप्त हुने रकमलाई संचित कोषमा आम्दानी गर्न र वजेट रकमका साथ प्राप्त हुने शर्त तथा कार्यपालिकाले तोके बमोजिमका शीर्षकमा खर्च गर्न सकिने छ ।

**४. विनियोजन:**

(१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७७/७८ को निमित्त सुनवल नगरपालिका नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा सुनवल नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुगहुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नवढ्ने गरीकुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथानिकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तनी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षकमा सार्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ । साथै खर्चको पुष्ट्याई अनुसूची २ बमोजिम हुनेछ । साथै आ.व. २०७६/७७ को भुक्तानी दिन बाँकी योजना तथा कार्यक्रमको भुक्तानी आ.व. २०७७/७८ मा दिन यसै ऐन बमोजिम भएको मानिने छ ।

अनुसूची-१
(दफा२ संग सम्बन्धित)
नेपालको संविधानको धारा २३० बमोजिम

## संञ्चितकोषबाट विनियोजन हुने रकम

रकम रू. हजारमा

| क्र.सं. | शीर्षकको नाम | चालु खर्च | पँूजिगत खर्च | वित्तिय | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | सुनवल नगरपालिका नगर कार्यपालिका | ११,५६,९१,५०९.०० | ५,७२,००,०००.०० | | १७,२८,९१,५०९.०० | |
| २ | वडा समिति | ४४,४६,०००.०० | | | ४४,४६,०००.०० | |
| ३ | बिषयगत शाखा | २८,७०,७५,०००.०० | २९,८९,२५,०००.०० | | ५८,६०,००,०००.०० | |
| ४ | ऋणको सावा ब्याज भुक्तानी | | | | | |
| ५ | लगानी (शेयर/ऋण) | | | | | |
| | जम्मा | ४०,७२,१२,५०९.०० | ३५,६१,२५,०००.०० | | ७६,३३,३७,५०९.०० | |
| | प्रतिशत | ५३.३५ | ४६.६५ | | १०० | |